आज मिति २०८१।०२।३१ गते बिहिवार दिनको ७:०० बजे मिथिला नगरपालिकाको सभा हलमा नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षतामा निम्न अनुसारको उपस्थितमा देहाय अनुसारको प्रस्तावहरुमा छलफल गर्न नगर कार्यपालिकाको बैठक बस्यो ।

**उपस्थिति**

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | उप-प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो कोइरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री चन्द्र वहादुर बुलन तामाङ्ग | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री राम बहादुर स्याङ्गदन | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री बिरेन्द्र महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री मिना पजियार | कार्यपालिका सदस्य | मिना |
| १६ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | नगिना |
| १७ | श्री कौशिल्या देवी | कार्यपालिका सदस्य | कौसिला |
| १८ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | |
| १९ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री अशोक कुमार भण्डारी | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

# मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

## मिति २०८१।०२।३१

बैठकका प्रस्तावहरु:

१. १५ वेड अस्पतालको डि.पि.आर.स्वीकृत तथा ठेक्का प्रकृया अगाडी वढाउने सम्बन्धमा।

२. मिथिला नगरपालिकामा समसमायिक समस्या उठेका विषय सम्बन्धमा ।

३. मिथिला नगरपालिकाको आगामी आ.ब.२०८१/२०८२ का लागि निति तथा कार्यक्रम तयारी गर्ने सम्बन्धमा ।

४. पुरानो महेन्द्र राजमार्ग (दुर्गा मन्दिर)को बाटो खाली गर्ने सम्बन्धमा ।

५. सार्वजानिक जग्गा उत्खन्न तथा अधिकरण गरेका जग्गा (मिथिला नगरपालिका वडा न ५ र ६) सम्बन्धमा ।

६. मिथिला नगरपालिका भित्र संचालनमा रहेका क्रसर तथा वालुवा प्रसोधन केन्द्रहरु व्यवस्थापन सम्बन्धमा ।

७. जिल्ला प्रशासन कार्यालय,धनुषाबाट सहायक पाँचौ स्तरका कर्मचारी श्री अर्चना राजधामीको २०८० माघ १ देखि २०८१ असार मसान्तसम्मको तलव माग सम्बन्धमा ।

८. नापी कार्यालय तथा मालपोत कार्यालय,ढल्केवरको व्यवस्थापन तथा उदघाटन सम्बन्धमा ।

९. राष्ट्रिय परिचय पत्र खर्च व्यवस्थापन सम्बन्धमा ।

१०. २०८१ साल बैशाख १८ गते भएको कार्यपालिका बैठकमा भएको निर्णयहरुको स्रोत निरधारण गर्ने सम्बन्धमा ।

११. जग्गा पल्टिङ्ग सम्बन्धमा ।

१२. महेन्द्र बहुमुखी कलेजको भवन निर्माणको प्रगति सम्बन्धमा ।

१३. आर्थिक सहयोग सम्बन्धमा ।

१४. मठ, मन्दिर, संघ, संस्था दर्ताका लागि सिफारिस गर्ने सम्बन्धमा ।

## बैठकका निर्णयहरु:

निर्णय नं.१) प्रस्ताव नं.१ माथि छलफल गर्दा मिथिला नगरपालिकाको १५ वेड अस्पतालको डि.पि.आर.स्वीकृत गरियो र सोही १५ वेड अस्पतालको ठेक्का प्रकृया अगाडी वढाउने निर्णय गरियो।

निर्णय नं.२) प्रस्ताव नं.२ माथि छलफल गर्दा मिथिला नगरपालिकामा समसमायिक समस्या उठेका विषयका लागि तपासिल वमोजिमको समिति गठन गरी सो समितिले नै समस्या समाधानका लागि ३०(तिस) दिन भित्र नगर कार्यपालिकामा प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।समितिको कार्यविधि समितिले आफैले तय गरे वमोजिम हुने छ ।

तपसिल

१. वडा अध्यक्ष श्री सविन विक्रम थापा - संयोजक
२. वडा अध्यक्ष श्री चन्द्र वहादुर बुलन तामाङ्ग - सदस्य
३. कार्यपालिका सदस्य श्री विशेश्वर साह हलुवाई- सदस्य
४. कानुनी सल्लाहकार श्री अच्युत आचर्य - सदस्य
५. प्रमुख प्रशासकीय अधिकृत श्री अशोक कुमार भण्डारी- सदस्य सचिव

निर्णय नं.३) प्रस्ताव नं.३ माथि छलफल गर्दा मिथिला नगरपालिकाको आगामी आ.ब.२०८१/२०८२ का लागि निति तथा कार्यक्रम तयारी नगर कार्यपालिकामा ५(पाँच) दिन भित्र पेश गर्ने तपसिल वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।साथै उक्त कार्य गर्नका लागि १(एक) जना विज्ञ राख्न सक्ने निर्णय गरियो ।

तपसिल

१. उप प्रमुख श्री सुनिता सिंह वुढाथोकी - संयोजक
२. विषयगत समितिका सवै संयोजक (५जना) - सदस्य
३. अधिकृत छैटौं (लेखा) श्री गणेश प्रसाद भण्डारी - सदस्य
४. कानुनी सल्लाहकार श्री अच्युत आचर्य - सदस्य
५. कार्यपालिका सदस्य श्री इन्द्रकला देवी -सदस्य
६. कार्यपालिका सदस्य श्री विशेश्वर साह हलुवाई- सदस्य
७. कार्यपालिका सदस्य श्री अन्जु श्रेष्ठ -सदस्य
८. प्रशासन शाखा प्रमुख -सदस्य
९. प्रमुख प्रशासकीय अधिकृत श्री अशोक कुमार भण्डारी- सदस्य सचिव

निर्णय नं.४) प्रस्ताव नं.४ माथि छलफल गर्दा मिथिला नगरपालिका वडा नं. ६ स्थित पुरानो महेन्द्र राजमार्ग (दुर्गा मन्दिर)को बाटो खाली गर्ने सम्वन्धमा वडा समितिले पेश गरेको प्रतिवेदन अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.५) प्रस्ताव नं .५ माथि छलफल गर्दा सार्वजनिक जग्गा उत्खनन तथा अधिकरण गरेका जग्गा (मिथिला नगरपालिका वडा न ५ र ६) सम्बन्धमा आ.ब.२०८१/०८२ को निति तथा कार्यक्रममां समावेश गर्ने सो कार्यको लागि कार्यविधि निर्माण गरी सोही वमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं.६) प्रस्ताव नं .६ माथि छलफल गर्दा मिथिला नगरपालिका भित्र संचालनमा रहेका क्रसर तथा वालुवा प्रसोधन केन्द्रहरुको कानुनी मापदण्ड वमोजिम गर्न/गराउन लगाउने र विपरित संचालन भएका क्रसर तथा वालुवा प्रसोधन केन्द्र वन्द निर्णय गरियो।

निर्णय नं.७) प्रस्ताव नं.७ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय,धनुषाबाट सहायक पाँचौ स्तरका कर्मचारी श्री अर्चना राजधामीको २०८० माघ १ देखि २०८१ असार मसान्तसम्मको तलव माग भएकोमा यस नगरपालिकाको करार सेवा शिर्षकबाट रु.२,१०,०००/००(अक्षरुपी दुइ लाख दश हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.८) प्रस्ताव नं.८ माथि छलफल गर्दा नापी कार्यालय तथा मालपोत कार्यालय,ढल्केवरको व्यवस्थापन तथा उदघाटनमा भएको खर्चको अनुमोदन लागि पेश भए वमोजिम विविध खर्च शिर्षकबाट रु १,३८,४००/००(अक्षरुपी एक लाख अतिस हजार चार सय मात्र) र मसलन्द तथा कार्यालय सामाग्री शिर्षकबाट रु.८२,०००/००(अक्षरुपी वयासी हजार मात्र ) उपलब्ध गराएको रकम अनुमोदन गरियो ।

निर्णय नं.९) प्रस्ताव नं.९ माथि छलफल गर्दा राष्ट्रिय परिचय पत्र खर्च व्यवस्थापनका लागि मसलन्द तथा कार्यालय सामाग्री शिर्षकबाट रु. ८०,०००/००(अक्षरुपी असी हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१०) प्रस्ताव नं.१० माथि छलफल गर्दा २०८१ साल वैशाख १८ गते भएको कार्यपालिका बैंठकमा भएको निर्णयहरुको स्रोत निरधारण गर्ने सम्बन्धमा यस नगरकार्यपालिकाको बैठकबाट आर्थिक सहयोगका लागि निर्णय नं. ९ र निर्णय नं. १० को क र ङ को लागि अन्य सामाजिक सहायता शिर्षकबाट रकम उपलब्ध गराउने, निर्णय नं. १० को लागि इन्धन शिर्षकबाट ख र ग नं.लाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.११) प्रस्ताव नं.११ माथि छलफल गर्दा मिथिला नगरपालिका क्षेत्र भित्र रहेको जग्गा पल्टिङ्ग सम्बन्धमा नेपाल सरकारको निर्देशिक तथा मापदण्ड अनुसार नगरपालिकाबाट स्वीकृति लिई मात्र हाललाई संचालन गर्ने/गराउने निर्णय गरियो ।

निर्णय नं.१२) प्रस्ताव नं.१२ माथि छलफल गर्दा महेन्द्र बहुमुखी कलेजको भवन निर्माणको प्रगति सम्बन्धमा हाल स्थलगत निरिक्षण गर्न जादाँ हेर्दा हालसम्म कायदिश अनुसारको प्रगति नदेखिएको हुदाँ निज ठेकेदारलाई कामकाज अगाडी वढाउन दोश्रो पटक चेतावनी समेतको लागि पत्राचार गर्ने र सोही वमोजिम नभए आवश्यक कानुनी प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं.१३) प्रस्ताव नं.१३ माथि छलफल गर्दा आर्थिक सहयोग वडा नं. ७ माग भएकोमा उक्त कार्यको लागि अन्य सामाजिक सहायता शिर्षकबाट राजिन्द्र साहलाई रु.५०,०००/००(अक्षरुपी पचास हजार मात्र) र जयनाथ प्रसाद साहलाई रु. रु.५०,०००/००(अक्षरुपी पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१४) प्रस्ताव नं.१४ माथि छलफल गर्दा मठ, मन्दिर, संघ, संस्था दर्ताका लागि सिफारिस माग भएकोमा तपसिल अनुसारको मठ,मन्दिरको नाउँमा दर्ता गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल

१. श्री राम जानकी मन्दिर मिथिला नगरपालिका वडा नं. ४
२. श्री श्री १०८ श्री माँ वैष्णवी दुर्गा मन्दिर मिथिला नगरपालिका वडा नं. ६